# प्रतिज्ञा गरें येशू

१ प्रतिज्ञा गरे येशू म सेवा गर्नेछु
मसँग सधैं बस्नोस् हे साथी र प्रभु ।
लडाईदेखि डराउन्न नजीक हुनुभए
तपाईंको पथ बिराउन्न पाउ डोऱ्याउनु भए ।

२ छेऊ मेरो बस्नोस् येशू सांसारिक मायाले
फसाउँछ मलाई सधैं लोभ्याउने सोरले
छन् शत्रु चारैतिर मनभित्र छन् पनि ।
हे येशू आई प्राणलाई जोगाउनोस् पापदेखि ।

३ स्वार्थको झगडादेखि ईर्ष्याको आँधीमा
म स्वर तपाईंको सुनुँ मधुर, शान्त, सफा
मलाई चेतावनी, साहस वा हप्की होस् प्रभु
बोली मलाई सुनाउनोस् हे रक्षक प्राणैको ।

४ हे येशू, यो प्रतिज्ञा चेलालाई दिइयो कि
"जहाँ म छु, हुनेछौ त्यहाँ तिमी पनि" ।
हे येशू वचन दिएँ म सेवा गर्नेछु
तपाईंको पछि लागूँ हे साथी र प्रभु

**बाइबल पद :** तपाईं मेरो भाग हुनुहुन्छ, हे परमप्रभु, तपाईंका वचनहरू पालन गर्ने, मैले प्रतिज्ञा गरेको छु । भजनसङ्ग्रह ११९:५७